# कैलाश गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड संख्या ६ मितिः २०७९/४/२६

## भाग २

### अध्यक्षको प्रेस सल्लाहकार नियुक्ति सम्बन्धी कार्यविधि, २०७९

गाउँ कार्यापालिकाबाट स्वीकृत मितिः२०७९।०४।२६
प्रमाणित मितिः२०७९।०४।२६

गाउँपालिका अध्यक्षको आवश्यक राय, सल्लाह तथा सुझाव प्रदान गर्न कैलाश गाउँपलालिकाका पदाधिकारीको सल्लाहकार नियुक्ति र सेवा सुविधालाई

व्यवस्थित गर्न वाञ्छनीय भएकोले कैलाश गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कैलाश गाउँपालिकाका गाउँकार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "कैलाश गाउँपालिका अध्यक्षको प्रेस सल्लाहकार नियुक्ति सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाउँपालिका" भन्नाले कैलाश गाउँपालिका सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले कैलाश गाउँपालिकाका गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले कैलाश गाउँपालिकाका अध्यक्ष सम्झनु पर्छ ।

(घ) "सल्लाहकार" भन्नाले दफा ३ बमोजिम नियुक्त व्यक्ति सम्झनु पर्छ ।

(ङ) "सेवा सुविधा" भन्नाले दफा ४ बमोजिम तोकिएको सेवा सुविधा सम्झनु पर्छ ।

(च) "योग्यता" भन्नाले दफा ३(२) बमोजिम तोकिएको योग्यता सम्झनु पर्छ ।

## परिच्छेद-२

### प्रेस सल्लाहकार नियुक्ति, योग्यता र सेवा सुविधा सम्बन्धी व्यवस्था

३. प्रेस सल्लाहकारको नियुक्ति र आवश्यक योग्यताः (१) गाउँपालिकाको कार्य सम्पादनलाई व्यवस्थित गर्न गराउनको लागि आवश्यकताको आधारमा अध्यक्षको सिफारिसमा कार्यालयले प्रेस सल्लाहकार नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त प्रेस सल्लाहकार नेपालको प्रचलित कानूनले लाभको पदमा नियुक्तिको लागि बन्देज नलगाएको र देहायको योग्यता पुगेको हुनुपर्नेछः

| सि. नं. | पद | न्युनतम शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|
| १. | प्रेस सल्लाहकार | प्रविणता प्रमाणपत्र तह वा सो सरह | कम्तिमा पाँच वर्ष निरन्तर संस्थागत रुपमा पत्रकारिता गरेको। |

(३) प्रेस सल्लाहकारले आफ्नो पेशागत विज्ञता, दक्षता र क्षमताको आधारमा व्यवसायिक रुपमा कार्य गर्न प्रेस सल्लाहकार नियुक्त भएकै कारणले बाधा पर्ने छैन।

४. सेवा सुविधाः (१) दफा ३(१) बमोजिम नियुक्त प्रेस सल्लाहकारलाई कार्यालयले मासिक पारिश्रमिक उपलब्ध गराउनेछ ।

(२) कार्यालयको कामको शिलशिलामा खटिएको अवस्थामा नियमानुसारको भ्रमण भत्ता उपलब्ध गराउनेछ।

(३) प्रेस सल्लाहकारको पदिय हैसियत र सेवा सुविधा न्यूनतम सहायकस्तर पाँचौ भन्दा कम हुने छैन।

५. नियुक्तिको नवीकरण सम्बन्धी व्यवस्थाः प्रेस सल्लाहकारको नियुक्ति प्रत्येक आर्थिक बर्षमा कार्यालयले आवश्यक ठानेमा नवीकरण गर्न सक्नेछ ।

६. नियुक्तिको खारेजीः प्रेस सल्लाहकारको कार्य सम्पादन् सन्तोषजनक नभएमा अध्यक्षको सिफारिसमा कार्यालयले जुनसुकै बखत सो नियुक्ति खारेज गर्न सक्नेछ ।

७. यस कार्यविधि बमोजिम हुनेः यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि यस भन्दा अघि नियुक्त प्रेस सल्लाहकार यसै कार्यविधि बमोजिम नियुक्त भएको मानिनेछ।

८. कार्यविधिको व्याख्याः- यो कार्यविधिको व्याख्या गर्ने अधिकार कार्यपालिकामा निहित रहनेछ ।

९. थपघट र हेरफेरः आवश्यकता, प्राथमिकता एवं सन्दर्भलाई समेत मध्यनजर गरी कार्यपालिकाले प्रचलित कानुनसँग नबाझिने गरी यस कार्यविधिमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ ।

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत